### ग. हस्तकला उत्पादन तालिम कार्यशाला

संस्थालाई आत्मनिर्भरताको बाटोमा लैजान सूर्यमुखी हस्तकला नामक हस्तकला स्थापना गरी बालबालिकाका निम्ति खेलौना, कपडा, पुतलीहरू बनाइन्छन् । त्यस्तै टि-सर्ट बनाउने, कार्डहरू बनाउने र त्यसको बजारमा पुऱ्याइन्छ । यसले विपन्न स्थितिका महिलालाई आफ्नो जिवनस्तर बढाउन सहयोग गरेको छ ।



*हस्तकला तालिमपश्चात उत्पादनमा व्यस्त महिलाहरू*

### ३. सदस्यता :

स्थानीय रूपमा यस संस्था अपाङ्गहरूसँग काम गर्ने सहकर्मी संस्थाको सदस्य, शान्तिका लागि नागरिक समाज सञ्जालको सदस्य, गैरसरकारी संस्था महासंघको सदस्य बनेको छ । राष्ट्रिय बाल संरक्षण सञ्जाल, बालबालिका शान्ति क्षेत्र, कन्सोर्टियम, मानव अधिकार तथा सामाजिक न्याय मञ्च, स्वच्छ व्यवसायी समूह नेपाल, शिक्षाका लागि राष्ट्रिय अभियान र समुदायमा आधारित पुनर्स्थापना नेटवर्कको राष्ट्रिय रूपमा सदस्य रहेको छ भने अन्तर्राष्ट्रिय स्तरमा World Fair Trade Organization तथा Children-Nepal Denmark को सदस्य रहेको छ ।

### ४. ध्येय:

चिल्ड्रेन-नेपालले बालबालिका, युवा र तिनका परिवारले आफ्नो समस्या आफै समाधान गर्नका निम्ति सक्रिय र निर्णयात्मक भूमिका खेल्न सशक्तीकरण गर्दै लैजानको साथै नागरिक समुदाय र सरकारी निकायलाई उनीहरूप्रति जिम्मेवार हुन सहजीकरण गर्दै जान्छ ।

### ५. संस्थाका प्रमुख उद्देश्यहरू

- विपन्न परिस्थितिका बालबालिका र युवा र तिनका परिवार को सशक्तीकरण गर्ने,
- बाल अधिकारको संरक्षण गर्दै शिक्षाको प्रवर्द्धन गर्न नागरिक समुदाय तथा सरकारसँग साझेदारी गर्ने,
- स्वच्छ व्यवसाय (Fair Trade) को माध्यमबाट कम आय भएका महिलाको जीवनस्तर वृद्धि गर्न सहयोग गर्ने ।

### ६. हाम्रो यस अभियानमा तपाईंको संलग्नता र सहयोग कसरी हुनसक्छ ?

- कठिन परिस्थितिका बालबालिका, युवा र तिनका परिवार हरूका हित र संरक्षणको क्रममा व्यक्तिगत वा संस्थागत रुपमा साझेदारीता, सहकार्य र ऐक्यवद्धता गरेर ।
- चिल्ड्रेन नेपालद्धारा सञ्चालित बालबालिका, युवा र तिनका परिवारको हकहित सम्बन्धी गतिविधिहरू सञ्चालनमा स्वयंसेवकको रुपमा सहभागी भएर ।
- बालबालिका र युवा हकहित सम्बन्धी कार्यहरुको आपसी अनुभव एवम् स्रोतहरूको आदान प्रदान गरेर र बाल आवाज उठाएर ।

**सम्पर्क ठेगाना:**

**चिल्ड्रेन-नेपाल**

पो.ब.नं. २६७, मासबार, पोखरा, नेपाल

फोन नं.: ०६१-४६१५५४, ४६१९३८

E-mail: children-nepal95@gmail.com

website: www.children-nepal.org.np

जि.प्र.का.द.नं.: २२०/०५२/५३ स.क.प.द.नं.: ४२८९

# चिल्ड्रेन-नेपाल

**'बालबालिका आफ्नो अधिकारमा रमाइरहेको समाज'**



*सम्माननीय प्रधानमन्त्रीज्यूलाई विद्यालय शिक्षा सुधारको निम्ति अनुरोध पत्र लेख्दै बालिका ।*

**२०५१ सालदेखि कठिन परिस्थितिका बालबालिका, युवा र तिनका परिवारको अधिकार र विकासको पक्षमा व्यवहारिक काम गर्ने नागरिक सामाजिक संस्था**

## १. यो संस्था किन स्थापना गर्नुपर्‍यो ?

सामाजिक सेवा तथा बाल हकहितको क्षेत्रमा दक्षता तथा लामो अनुभव गरेका तथा बाल श्रम शोषणको समेत अनुभव गरेका रामचन्द्र पौडेल, भिमलाल गुरूङलगायत ७ जना नेपाली व्यक्तित्वहरूलाई परिवारले आफ्ना बालबालिकाहरूको माया, ममता, हेरचाह, शिक्षा जस्ता आधारभुत कुराहरूको व्यवस्था गर्न नसकिरहेको कारण बालबालिकाहरू कुपोषण, भेदभाव, हिंसा, दुर्व्यवहार, श्रमशोषणको चपेटामा परिरहेको तथ्यको अनुभूतिले समाधानको विकल्प खोज्न बाध्य पारेको थियो । विद्यमान सामाजिक संस्थाहरूले पनि कठिनतम् परिस्थितिका बालकालिका र तिनका परिवारहरूले पनि आत्मसाथ गर्न नसकिरहेको अवस्थामा वहाँहरूले २०५१ सालमा यस संस्थाको स्थापना गरिएको हो । यो बालबालिका र तिनका परिवारमा केन्द्रित पहिलो सामाजिक संस्था हो ।

## २. संस्थाले के-कस्ता गतिविधिहरू गर्दछ ?

### (क) बालबालिका, युवा र परिवार सेवा

- **बालबालिकाको निम्ति विद्यालय शिक्षा**




*संस्थाले सहयोग गरेका ४४१ बालबालिकालाई माननीय सामाजिक विकास मन्त्रीज्यूद्वारा प्रशंसा तथा छात्रवृत्ति वितरण गर्दै*

चिल्ड्रेन-नेपालले बालबालिकालाई विद्यालयसम्म पुऱ्याउन, विद्यालयमा रमाएर रहन र उनीहरूको जिवन सहज हुने शिक्षा प्राप्त गर्न सहयोग गर्दछ ।



*संस्थाले ६९ विद्यालय तथा कलेजमा पढ्न सहयोग गरेका बालबालिकाहरू विद्यालयमा रमाइलो खेल खेल्दै*

- **युवाहरुको निम्ति व्यवसायिक सिप तालिम र रोजगारी**

विपन्न समुदायका युवालाई जिवन उपयोगी र व्यवसायिक सिपका माध्यमबाट आर्थिक उपार्जन गर्न व्यवसायिक सिप तालिमको अवसर उपलब्ध गराउँदछ र रोजगार हुन सहयोग गर्दछ ।

**बाल तथा युवा स्वावलम्बन समुह गठन तथा परिचालन**

बालबालिका तथा युवाहरूमा आफ्नो अधिकारप्रति जिम्मेवार र सामाजिक दायित्वप्रति सक्रिय रहन बाल/युवा स्वावलम्बन समूहको विद्यालय, कलेज तथा स्थानीय समुदायमा गठन र परिचालन गर्दछ। यसले उनीहरूको परिवार, विद्यालय र समुदायमा निर्णय गर्ने प्रक्रियामा संलग्नता बढेको छ ।

- **परिवारको निम्ति परामर्श र आयआर्जन सेवा**

परिवारको विकासको निम्ति परामर्श सेवा, स्वास्थ्य, सहयोग, सेवा केन्द्रहरुमा परिवारको पहुँचको विस्तार, आय आर्जनमा सहयोग गर्दछ । अभिभावकहरूले आफ्नै सहकारी संस्था गठन गरी सामाजिक पहुँच बढाउन सक्रिय हुँदै आएका छन् ।

- **हिंसाका विकल्प तालिम कार्यशाला**

बालबालिका, युवा, अभिभावक तथा शिक्षकको निम्ति हिंसाका विकल्प सम्बन्धी तालिम कार्यशालामार्फत द्वन्द्व न्यूनीकरण र शान्ति जागरणको काम गर्छ ।

### (ख) समुदाय विकास सेवा

- **ग्रामिण जीविका सुदृढीकरण परियोजना**

ग्रामिण समुदायका सिमान्तकृत परिवारहरुको आत्मनिर्भरताको निम्ति जीविकोपार्जन एवं दिगो विकास सृजना गर्न उनीहरुको क्षमता बृद्धि गरी गरिबी घटाउने उद्देश्यले कास्कीको अन्नपूर्ण गाउँपालिका अन्तरगतको फल्लापानी र लेवाडे तथा तनहुँको म्याग्दे गाउँपालिका अन्तरगत गुञ्जारा गाउँमा यो कार्यक्रम सञ्चालन गरिएको छ ।



*कृषकसँग परियोजना बारे छलफल गर्दै*

- **फूलबारी स्रोत केन्द्र विकास**

घर-परिवार विद्यालय र समुदायमा बढ्दै गएको हिंसाको संस्कृतिलाई निरूत्साहित गर्दै शान्तिको संस्कृति स्थापना गर्न चिल्ड्रेन-नेपालले फूलबारी स्रोत केन्द्रको विकास गर्दै छ । मनोरम दृष्य र ग्रामीण परिवेशमा रहेको कास्की जिल्लाको अन्नपूर्ण गाउँपालिका वडा नं.१ मा स्रोत केन्द्रको निर्माण कार्य भइरहेको छ । यसमार्फत दुव्यवहार/हिंसा प्रभावित बालिका, महिलाको पुनर्स्थापन तथा तालिम कार्यशाला सञ्चालन गरिने छ ।



*अन्नपूर्ण गाउँपालिकामा निर्माणाधीन संस्थाको फूलबारी स्रोत केन्द्र*